# विराटनगर महानगरपालिका

बैठक संख्या: ५२
मिति: २०७६/९/ २०

बैठक प्रारम्भ: दिउसो २:०० बजे
बैठक स्थगन: ४:०० बजे

विराटनगर महानगरपालिकाका नगर प्रमुख श्री भीम पराजुली ज्युको अध्यक्षतामा आज विराटनगर महानगरपालिका नगरकार्यपालिकाको वैठक बसी निम्न उपस्थितिमा निम्नलिखित निर्णय गरियो ।

| सि.नं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री भीम पराजुली | |
| २ | उप प्रमुख | श्री इन्दिरा कार्की | |
| ३ | का.वा. सदस्य | श्री कुमारी कमला कट्टेल रिजाल | |
| ४ | सदस्य | श्री कुमार पोखरेल | |
| ५ | सदस्य | श्री बिनोद कुमार बस्नेत | |
| ६ | का.वा. सदस्य | श्री तुलसीप्रसाद घिमिरे | |
| ७ | सदस्य | श्री मिनकुमार आचार्य | |
| ८ | का.वा. सदस्य | श्री सन्तोष साह | |
| ९ | सदस्य | श्री मधूबाबु तिवारी | |
| १० | सदस्य | श्री निश्चल अर्याल | |
| ११ | सदस्य | श्री विश्वनाथ भगत | |
| १२ | सदस्य | श्री माधवराज वाग्ले | |
| १३ | सदस्य | श्री तिर्थेन्द्र न्यौपाने | |
| १४ | सदस्य | श्री हिरालाल कामत | |
| १५ | सदस्य | भरीलाल महतो | |
| १६ | का.वा. सदस्य | श्री महिचन्द्र यादव | |
| १७ | सदस्य | श्री असलम आलम | |
| १८ | सदस्य | श्री मनोज सुब्बा | |
| १९ | सदस्य | श्री समिम कमर | |
| २० | का.वा. सदस्य | श्री राजदेव यादव | |
| २१ | सदस्य | श्री बद्रीनारायण सरदार | |
| २२ | सदस्य | श्री चम्पा देवी खत्री | |

| | | | |
|---|---|---|---|
| २३ | सदस्य | श्री शिला श्रेष्ठ | |
| २४ | सदस्य | श्री बिना मण्डल | |
| २५ | सदस्य | श्री कमला सुब्बा | |
| २६ | सदस्य | श्री शुशिला पोखरेल (ओझा) | |
| २७ | सदस्य | श्री अरुण खेतान | |
| २८ | सदस्य | श्री राजेश भुजेल | |
| २९ | सदस्य | श्री गायत्री कुमारी दास | |
| ३० | सदस्य सचिव | श्री एकदेव अधिकारी | |
| ३१ | आ. सहयोगी | अर्जुन थपलिया | |

निर्णय नं. १

महानगरपालिकाको पाचौं नगरसभा आगामी माघ २६ र २७ गते सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. २

महानगरपालिकाको राजश्व/करको दर सम्बन्धी अध्ययन गरी आवश्यक सुझाव राजश्व परामर्श समितिमा पेश गर्नका लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा विषयगत समितिका संयोजकहरू र सामान्य प्रशासन महाशाखा प्रमुख सदस्य तथा वित्तीय व्यवस्थापन महाशाखा प्रमुख सदस्यसचिव रहनेगरी समिति गठन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

महानगरपालिका क्षेत्रभित्रका वास्तविक सुकुम्वासीको पहिचान गर्ने, तथ्याङ्क अध्यावधिक गर्ने लगायतका कार्यहरूका सम्बन्धमा *"सुकुम्वासी पहिचान तथा व्यवस्थापन कार्यविधि"* को मस्यौदा तयार गरी आगामी बैठकमा पेश गर्ने ।

निर्णय नं. ४ :

प्रदेश सरकारलाई आवश्यक पुर्वाधारहरु निर्माणका लागि आवश्यक जग्गा पहिचान तथा समन्वय गर्न नगर प्रमुख श्री भीम पराजुली ज्युको संयोजकत्वमा तपसिल बमोजिमका सदस्यहरु रहने गरि समिति निर्माण गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| श्री ईन्दिरा कार्की, उपप्रमुख | सदस्य |
| श्री विनोद कुमार वस्नेत वडा अध्यक्ष, वडा नं.३ | सदस्य |
| श्री देवेन्द्र पोखरेल वडा अध्यक्ष, वडा नं.४ | सदस्य |
| श्री मिन कुमार आचार्य वडा अध्यक्ष, वडा नं.५ | सदस्य |
| श्री निश्चल अर्याल वडा अध्यक्ष, वडा नं.८ | सदस्य |
| श्री माधवराज वाग्ले वडा अध्यक्ष, वडा नं.१० | सदस्य |
| श्री तिर्थेन्द्र न्यौपाने वडा अध्यक्ष, वडा नं.११ | सदस्य |
| श्री महिचन्द्र यादव वडा अध्यक्ष, वडा नं.११ | सदस्य |
| श्री वद्रीनारायण सरदा वडा अध्यक्ष, वडा नं.११ | सदस्य |
| श्री एकदेव अधिकारी,प्रमुख प्रशासकिय अधिकृत | सदस्य सचिव |

प्रतिलिपि

**निर्णय नं. ५**

स्थानीय भू-उपयोग परिषद्को कार्यमा सहयोग गर्न गठन हुने कार्यान्वयन समितिमा सरोकारवालामध्येबाट दुई जना महिलासहित चार जना सदस्य मनोनयन गरी भू-उपयोग परिषदमा पेश गर्नका लागि नगर प्रमुखज्यूलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

वडा नं. १२ को स्वास्थ्य चौकीको मर्मत सम्भार कार्य गरी वडा कार्यालय भवन निर्माण गर्ने अवस्थामा साविक वडा कार्यालय भवन निर्माण नभएसम्म स्वास्थ्य चौकीबाट नै समन्वय गरी वडा समिति कार्यालय समेत संचालन गर्ने ।

**निर्णय नं. ७ :**

प्रत्येक महाशाखा/शाखाले आ-आफ्नो महाशाखा/शाखाको मासिक कार्य प्रतिवेदन प्र.प्र.अ.ले समन्वय गरी कार्यपालिका बैठकमा आलो पालो प्रस्तुत गर्ने व्यवस्था मिलाउने ।

**निर्णय नं. ८ :**

आ.व. ०७६।०७७ को नीति, कार्यक्रम तथा बजेटमा भएको व्यवस्था अनुरुप महानगर खेलकुद विकास समिति गठन गर्ने उद्देश्यका लागि महानगर खेलकुद विकास समिति गठन संचालन सम्बन्धी कार्यविविध निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :**

वडा समिति कार्यालयहरु क्रमश: १,३,४,१०,१७ का भवनहरु मर्मत सम्भार तथा निर्माण कार्य सम्पन्न भएकोले उक्त कार्यालयहरु तत्काल संचलान गर्न आवश्यक फर्निचर तथा अन्य सामाग्रीहरुको व्यवस्था/खरिद छिटो माध्यमबाट गर्ने र गरेकामा अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

जापान सरकारको सहयोगमा JICA मार्फत खानेपानी परियोजना संचालन गर्ने कार्य भईरहेको हुदां प्र.प्र. अधिकृतको संयोजकत्वमा एकल प्रणालीवाट खानेपानी सम्वन्धी प्रशासन संचालन तथा खानेपानी उपभोक्ता समितिहरुको समेत अध्यायन गर्न गठित समितिलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

आ.व. २०७६/०७७ का् नीति,कार्यक्रम तथा वजेटमा ईटा जोड्ने कार्यमा लागत सहभागिता १५ प्रतिशत हुनुपर्नेमा अन्यथा भएकोले संशोधन गरि आगामि नगरसभावाट अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

विराटनगर महानगरपालिकाको शिक्षा,स्वास्थ्य,सरसफाई एवं बजार तथा योजनाको कार्यान्वयन, अनुगमन कार्यका लागि सवारी साधन नभएको हुनाले यस आ.व.को सरसफाई शिर्षक अन्तर्गत सवारी साधन खरिद शिर्षकमा विनियोजित वजेटवाट सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली र प्रचलित कानुनको आधिनमा रही एक थान अनुगमनका लागि उपयुक्त हुने साधनको खरिद गर्ने निर्णय गरियो ।

प्रति लिपि
०७६।७।०८

निर्णय नं. १३

नारी शिल्पकला केन्द्रको नाममा रहेको भवन जग्गा तथा अन्य सम्पत्ती हाल के कस्तो अवस्थामा रहेको छ सो सम्वन्धमा खोजविन गरी महानगर अन्तर्गत ल्याउन प्रकृया आरम्भ गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

आ.व. २०७६/७७ को नीति कार्यक्रम तथा बजेटमा विद्युतिय सुशासन अन्तर्गत कार्यालयमा कार्यरत सूचना प्रविधि सम्वन्धी विषयमा शैक्षिक योग्यता र अनुभव भएका कार्यरत जनशक्ति तथा आवश्यक अन्य प्रविधिक एवं सहायक जनशक्ति सेवा परामर्श समेत लिई उक्त कार्य अगाडि वढाउने निर्णय गरियो ।

निर्णय नं. १५

कार्यपालिका सदस्य श्री राजेश भूजेलको आर्थिक अवस्था कमजोर भएको साथै निज लामो समय देखि विरामी भई उपचाररत रहेको हुंदा निजको उपचारका लागि रु ५०,०००।००(पचास हजार) आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।